जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २८२ २०८० साल असार ४ गते सोमबार (19 June 2023 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेशका राजस्व नीति : सवारी दर्ता... ३ पृष्ठमा : हिन्दी फिल्म प्रदर्शन ... ३ पृष्ठमा तस्करीविरुद्धको कारबाहीमा ...

# विद्यालय कर्मचारीहरुको आन्दोलन स्थगित

# एक लाख भन्दा बढी विद्यार्थीको पठन पाठन ठप्प

**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

नेपाल विद्यालय कर्मचारी परिषदले विभिन्न माग अघि सार्दै आइतबारदेखी सुरु गरेको अनिश्चितकालिन विद्यालय बन्दका कारण सप्तरीका एक लाख भन्दा बढी विद्यार्थीहरुको पठन पाठन ठप्प भएको छ। निजी विद्यालयहरुमा भने पठन पाठन सुचारु नै रहेको थियो।

परिषदले सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारीहरुको विभिन्न सेवा सुविधा सहित पेशागत स्थायित्वको माँग राख्दै आन्दोलन गर्दै आएका थिए। तर, कुनै सुनवाई नभएपछी बाध्य भई आइतबारदेखी अनिश्चितकालिन विद्यालय बन्द कार्यक्रम ल्याउनु परेको परिषदका सप्तरी अध्यक्ष भगवती चौधरीले बताए।

जिल्लामा ५ सय १३ सामुदायिक विद्यालय छन्। जसमा १ लाख ७ सय ६ विद्यार्थी अध्ययनरत छन्। परिषदको अनिश्चितकालिन बन्दले शैक्षिक क्यालेण्डर प्रभावित हुनुका साथै सामुदायिक विद्यालयका ती सबै विद्यार्थीको पठन पाठन ठप्प भएको छ। विद्यार्थी र अभिभावकले भने अविलम्ब उक्त समस्याको समाधान गरी पठन पाठन सुचारु गर्न सरकार समक्ष माग गरेका छन्।

यसैबीच सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरुको आन्दोलन स्थगित भएको छ। शिक्षा मन्त्रालयले वार्तामा बोलाएकाले आन्दोलन स्थगित गरिएको हो।

नेपाल विद्यालय कर्मचारी युनियन, नेपाल सामुदायिक विद्यालय कर्मचारी संघ र नेपाल विद्यालय कर्मचारी परिषद्ले आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै आन्दोलनको कार्यक्रम फिर्ता लिएको जनाएको छ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्राललयले सरकारको तर्फबाट वार्ता टोली गठन गरि संवादको वातावरण निर्माण गर्दै वार्तामा आउन आह्वान गरिएको र आम जनभावनाको उच्च कदर गर्दै विद्यालय बन्दको कार्यक्रम तत्कालका लागि स्थगन गरीएको विज्ञप्तिमार्फत जनाएको छ।

सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरुलाई हालसम्म पनि ८ हजार, १३ हजार ५ सय रुपैयाँ मासिक पारिश्रमिकमा काम गर्न वाध्य पारिएकोले विभिन्न सेवा सुविधासहित पेशागत स्थायित्वको माग राख्दै आन्दोलनमा उत्रिएका थिए। चरणबद्ध आन्दोलन अन्तर्गत आइतबार सबै सामूदायिक विद्यालयहरु बन्द गरिएको थियो।

सर्वोच्च अदालतले २०६७ माघ २३ मा सामुदायिक विद्यालयका कर्मचारीको सेवा, सर्त, सुविधा उल्लेख भएको सर्भिस ल बनाई कार्यान्वयन गर्नु भन्ने र २०७१ भदौ १२ मा पूर्व आदेशको ६ महिना भित्र पूर्ण कार्यान्वयन गर्नु भन्ने आदेश हाल सम्म कार्यान्वयनमा नगएकोले बाध्य भई अप्रिय, कठोर आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य राज्यले बनाएको विज्ञप्तिमा उल्लेख छ।

आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको बुदाँ १२७ मा सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरुको सेवा सुविधाका विषयहरु सम्बोधन गरिने छ भन्ने बुदाँ उल्लेख भएपनि १५ गते संघीय संसदमा प्रस्तुत बजेटमा उक्त विषय छुटाइएकाले आन्दोलनका कार्यक्रमहरु घोषणा गरी चरणबद्ध रूपमा गर्दै आन्दोलन गर्दै आएको उनीहरुको भनाइ छ।

साथै वार्ताको माध्यमबाट आन्दोलन राखिएका मागहरु सम्बोधन गर्न सरकार गम्भीर नदेखिएमा सर्वोच्च अदालतको फैसला कार्यान्वयन नगरेमा, विगत वर्षहरुमा भएका र गरिएका सहमति र सम्झौताहरु २०७९भदौ १९ गतेको मन्त्री स्तरिय निर्णय फेरि पनि सरकार पक्षबाट उधारो र आन्दोलन मथ्थर गर्ने कार्यमा सरकार उन्मुद नभई सर्भिस ल पूर्ण कार्यान्वयन गर्ने माग पुरा नभए स्थगन गरिएका आन्दोलनका कार्यक्रमहरु पुनः अगाडि बढाइने चेतावनी समेत दिएको छ।

# मधेस प्रदेशसभाका पाँच समितिमा सभापति चयन

**दैनिक समाचारदाता**
**धनुषा, ३ असार ।**

मधेस प्रदेशसभा अन्तर्गतका सात विषयगत समितिमध्ये पाँच समितिले आइतबार सभापति पाएका छन्।

प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ बमोजिम गठित विषयगत समितिमध्ये विकास, अर्थ तथा योजना, प्राकृतिक स्रोत तथा वातावरण, सार्वजनिक लेखा र महिला, बालबालिका तथा सामाजिक न्याय समितिको सभापति सर्वसम्मत चयन गरिएको हो।

विकास समितिमा जनता समाजवादी पार्टी नेपालका शारदा शङ्करप्रसाद कलवार, अर्थ तथा योजनामा जनमत पार्टीका सतिशकुमार सिंह, प्राकृतिक स्रोत तथा वातावरण समितिमा नेकपा (माओवादी केन्द्र)की शारदादास पहाडी, सार्वजनिक लेखा समितिमा नेकपा (एमाले) का मञ्जुकुमारी थापामगर र महिला, बालबालिका तथा सामाजिक न्याय समितिमा लोकतान्त्रिक समाजवादी पार्टीका रुपाकुमारी यादव सभापतिमा चयन भएका छन्।

विषयगत समितिका सभापतिलाई सभामुख रामचन्द्र

*बाँकी अन्तिम पृष्ठमा*

# ब्राउन सुगरसहित दुई भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

सप्तरी प्रहरीले लागु औषध ब्राउन सुगरसहित दुई जना भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ।

पक्राउ पर्नेमा भारत बिहार राज्यअन्तरगत मधुवनी जिल्ला थाना जयनगर ग्रामपँचायत बेतौन्हा वडा न. ८ वस्ने २९ वर्षिय सन्तोष कुमार साह र सिरहा नगरपालिका १७ निवासी १९ वर्षिय सुरज कुमार पासवान रहेका छन्।

मधेश प्रदेश प्रहरी जनकपुरधामका अनुसार शनिबार जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा न. १ भारदह चौकमा बिशेष सुचनाको आधारमा मस्जिद नजिक भारतीय बीआर३२आर७७०३ नं. को मोटरसाईकललाई रोकी चेकजाँच गर्ने क्रममा मोटरसाईकल चालक सन्तोष कुमार साहको पाईन्टको खल्तीमा कालो प्लाष्टिकमा लुकाई छिपाई राखेको उक्त पदार्थ बरामद भएको हो।

ब्राउन सुगर जस्तो देखिने धुलो पदार्थ ४ ग्राम १९ मिली ग्राम रहेको जनाउँदै प्रहरीले सोही मोटरसाईकलमा पछाडी सवार सुरज कुमार पासवान समेतलाई नियन्त्रणमा लिएको छ। हाल दुबैलाई इलाका प्रहरी कार्यालय कंचनपुरमा राखि थप अनुसन्धान भइरहेको मधेश प्रदेश प्रहरीले जनाएको छ।

# समाजवादी मोर्चा घोषणा हुने

काठमाडौँ, ३ असार (रासस)।

संविधान प्रदत्त समाजवाद स्थापनालाई प्रमुख प्राथमिकतामा राखी सोमबार समाजवादी मोर्चा घोषणा हुने भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको नेकपा(माओवादी केन्द्र), नेकपा( एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्द नेतृत्वको नेकपालगायतका राजनीतिक दलले समाजवादी मोर्चा निर्माणमा सहमति जुटाएका हुन्।

सोमबार राष्ट्रियसभा गृहमा एक कार्यक्रम गरी समाजवादी मोर्चा घोषणा हुनेछ। बैठकमा सहभागी जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र श्रेष्ठका अनुसार आइतबारको बैठकमा समाजवादी मोर्चा र त्यसको न्यूनतम कार्यक्रमका बारेमा आवश्यक सहमति भएको छ।

समाजवादी मोर्चा बनाउने प्रयास धेरै पहिलेदेखि भए पनि औपचारिकता भने पाउन सकेको थिएन। माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महारले लगातार विभिन्न राजनीतिक दलसँग यसबारेमा संवाद गर्दै आउनुभएको थियो। आइतबारको बैठकमा शीर्ष नेताहरुको उपस्थिति थियो। बैठकले मोर्चाको न्यूनतम कार्यक्रमसमेत तय गरेको र सोमबार नै सार्वजनिक गरिने बताइएको छ।

मोर्चामा डा बाबुराम भट्टराई नेतृत्वको समाजवादी पार्टी नेपालसमेत सहभागी हुने बताइएको छ। यसअघि नै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र अध्यक्ष भट्टराईबीचको भेटवार्तामा सो सहमति भइसकेको छ।

# मैथिली साहित्य परिषद्को अध्यक्षमा झा निर्वाचित



**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

मैथिली साहित्य परिषद्को शनिबार सम्पन्न निर्वाचनबाट अध्यक्ष पदमा अवधेश झा निर्वाचित भएका छन्। झाले २ सय ५८ मत ल्याउँदा उनका निकटतम प्रतिद्वन्दी अजय कुमार झाले २ सय ६ मत प्राप्त गरे।

शनिवार राती सम्पन्न मतगणनाको परिणाम अनुसार उपाध्यक्षमा राजकुमारलाल दास, सचिवमा सञ्जीवनारायण यादव, सहसचिवमा ललिता झा र कोषाध्यक्षमा शोभिता दास चयन भएका छन्।

यसैगरी सदस्यहरुमा राजीवकुमार झा, पंकज झा, रमिला साह, गजेन्द्रकुमार मण्डल, रविकुमार राय र अजितकुमार ठाकुर विजयी भएको निर्वाचन समितिका संयोजक श्यामसुन्दर झाले जानकारी दिए। निर्वाचनमा आठ सय १८ मतदातामध्ये ४ सय ७८ जनाले मतदान गरेका थिए।

**स्तनपानः बालबालिकालाई वरदान**

- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बाढी नियन्त्रण बारे सोचौं

विगत १५ दिनदेखी बढेको अत्याधिक गर्मीका कारण जनजिवन प्रभावित भएपछि अहिले मनसुन समेत सक्रिय भए लगत्तै देशको पूर्वी भेगमा बाढी, पहिरोले निकै क्षति पुऱ्याएको छ। पूर्वी भेगमा आएको बाढी, पहिरोले जनजिवन प्रभावित बनाएको छ। त्यस्तै अबको केही दिनमा मधेश तिर पनि मनसुन सक्रिय हुने पूर्वानुमान गरिएको छ। सप्तरीमा विगतका वर्षहरुमा बाढीले निकै धनजनको क्षति भएको सबैसामु छर्लङ छ। यसका लागि अहिले देखीनै सर्तकता अपनाउनु आवश्यक छ।

जिल्लामा रहेका नदी, खोलाहरुमा वर्षा भएपछि बाढी आउने गरेको छ। त्यसबाहेक कतिपय स्थान आफै डुवानमा पर्ने गरेको छ। नदी कटान भएपछि वर्षाको पानी मानवबस्तीमा प्रवेश गर्ने गर्छ। यो समस्या नयाँ नभएर पुरानै हो। तर सरोकारवाला निकायले ती समस्या कतिको समाधान गर्नेतर्फ पहल गरेको भन्ने कुरा आउँदो वर्षाले देखाउछ। यी कुराहरुमा कुनै स्थानिय तह गम्भिर भएका होलान् तर अन्यले यस्ता कुरा समस्या आइपरेमात्र समाधान गर्नेतर्फ भन्दा पनि अस्थायी उपाय सोच्ने गरेका छन्। यस्ता समस्याहरुमो स्थायी समाधानका लागि हालसम्म पहल भएको देखिन्न्। जसले गर्दा जिल्लावासी विगतका समयदेखी समस्या भोगिरहेका छन्।

तसर्थ यस पटक वर्षा सुरु हुनु अगावै बाढीलाई नियन्त्रण तथा मानवबस्तीलाई कसरी सुरक्षित गर्ने उपाय बारे सोच्नु पर्ने बेला भएको छ। यसबाहेक यी समस्याहरुको स्थायी समाधान निकाल्ने बारे पनि जिल्लाका सम्पूर्ण सरोकारवाला निकाय गम्भिर हुनु अति आवश्यक।

# प्रदेशका राजस्व नीति : सवारी दर्ता सरुवामा छुट, मनोरञ्जन र विलासितामा थप कर

काठमाडौँ, ३ असार (रासस)।

सात वटै प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक बजेट सार्वजनिक गरिसकेका छन्। अध्यादेशमार्फत बजेट ल्याएको कोशी प्रदेशबाहेक बाँकी सबै प्रदेशले विनियोजन विधेयकसँगै आर्थिक विधेयक पनि प्रदेशसभामा पेस गरिसकेका छन्। कोशी प्रदेशले अध्यादेशबाटै आफ्नो राजस्व नीतिमा केही संशोधन गरेको छ।

प्रदेश सरकारहरुको स्रोत व्यवस्थापनमा आफ्नै राजस्वबाट सङ्कलित स्रोत कम र सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटको हिस्सा निकै धेरै छ। सो कारण आन्तरिक राजस्वको हिस्सा बढाउन प्रदेशले करका दर र दायरा दुवै बिस्तारमा जोड दिएका छन्।

सवारीसाधन कर, घरजग्गा दर्ता, पर्यटन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा लाग्ने कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवानालगायतका रावस्वसम्बन्धी अधिकार प्रदेशले पाएका छन्। संविधानप्रदत्त अधिकारअनुसार यी क्षेत्रलाई समेटेर प्रदेशले हरेक वर्ष आफ्नो राजस्व नीति तर्जुमा गर्दै आएका छन्।

प्रदेशको एकल र साझा अधिकार क्षेत्रका आर्थिक क्रियाकलापलाई करको दायरा विस्तार गरी आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउने, कर प्रणालीलाई सहज र प्रविधिमैत्री बनाउने, कर संरचना र दरमा परिमार्जन गरी समायानुकूल बनाउने, कर छली तथा राजस्व नियन्त्रणमा जोड दिनेलगायत विषयलाई मुख्य प्राथमिकतामा राखेर प्रदेशहरूले आफ्नो राजस्व नीति सार्वजनिक गरेका छन्।

सवारीसाधनको दर्ता सरुवामा छुट दिने, २० वर्षभन्दा पुराना सवारीसाधन प्रयोग निरुत्साहन गर्ने, घरजग्गा रजिष्ट्रेसन र नामसारी प्रक्रिया सहज बनाउने, उत्पादनका लागि प्रयोग हुने जग्गाको दर्ता तथा नामसारीमा केही छुट, लामो समयदेखि नवीकरण नभएका व्यावसायिक फर्मको जरिवाना छुटलगायतका केही समान व्यवस्था प्रदेशका आर्थिक विधेयकमा परेको देखिन्छ।

**कोशी प्रदेश**

कोशी प्रदेशले निजी सवारीसाधन लाग्ने सवारीसाधन करमा एकमुष्टरुपमा दुई वर्षदेखि पाँच वर्षसम्मका लागि बुझाई नवीकरण गर्न सकिने व्यवस्था गरेको छ। अन्य प्रदेशको सरुवा सहमतिबाट चालु आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा दर्ता भएका सवारी साधनलाई आगामी आर्थिक वर्षका २०८०/८१ मा लाग्ने सवारी करमा ५० प्रतिशत छुट दिइएको छ।

कोशी प्रदेशभित्र सिमेन्ट उत्पादन गर्ने उद्योगले उत्पादित सिमेन्ट उद्योगबाट निकासी गर्दा प्रतिबोरा (५० किलो) मा रू एकका दरले र इँटा उद्योगले उत्पादित इँटामा प्रतिहजारमा रू एक सयका दरले वातावरण तथा औद्योगिकरण व्यवस्थापन दस्तुर लगाउने निर्णय गरेको छ।

यसअघि प्रदेशभित्र उत्पादन भएको सिमेन्टमा प्राकृतिक स्रोत उपयोगबापत प्रतिबोरा लगाइएको तिर्न बाँकी शुल्क २०८० पुस मसान्तसम्म एकमुष्ट ५० प्रतिशत बुझाएमा बाँकी शुल्क, जरिवाना र ब्याज छुट दिइने जनाइएको छ।

विगतका आर्थिक वर्षमा मनोरञ्जन कर तिर्न बाँकी करदाताले २०८० पुस मसान्तसम्म सबै वक्यौता कर एकमुष्ट बुझाएमा त्यसमा लाग्ने ब्याज छुट दिने पनि प्रदेश सरकारले घोषणा गरेको छ। स्वघोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्नेका लागि कृषि आयमा कर लगाइएको छ।

तोकिएको समयमा नवीकरण गर्न छुट भएका निजी तथा साझेदारी फर्महरुले नवीकरण वा खारेजीका लागि २०८१ असार मसान्तसम्म निवेदन दिएमा तीन वर्षको नवीकरण अवधि मानी प्रत्येक नवीकरण अवधिका लागि लाग्ने दस्तुरको दोब्बर दस्तुर लिई फर्म नवीकरण वा खारेजी गर्न सकिनेछ। कोशी प्रदेशले करको दायरा विस्तार गर्न राजस्व व्यवस्थापन निर्देशनालयको गठन गर्ने बजेटमा उल्लेख छ।

**मधेस प्रदेश**

मधेस प्रदेश सरकारले सामुदायिक विद्यालयको आफ्नो नाममा रहेको विद्यार्थी ओसार्न प्रयोग गरिने बस तथा मिनिबस, माइक्रोमा लाग्ने सवारी साधनको करमा ५० प्रतिशत कर छुट दिएको छ।

सवारीसाधन कर तथा जग्गा रजिष्ट्रेशन दस्तुरलगायतका प्रदेश तथा स्थानीय तहबाट बाँडफाँट हुने राजस्वलाई स्थानीय तहसँग समन्वय गरी मासिकरुपमा राजस्व बाँडफाँट गर्ने नीति मधेस प्रदेशले लिएको छ। सवारीसाधनको कर सङ्कलन सहज बनाउनका लागि मधेस प्रदेशका सबै जिल्लामा यातायात व्यवस्था कार्यालय स्थापना गरिने पनि प्रदेशको आगामी आर्थिक वर्षको बजेटमा उल्लेख छ।

**बागमती प्रदेश**

काठमाडौँ उपत्यका, भरतपुर महानगरपालिका, हेटौँडा उपमहानगर क्षेत्रबाहेक प्रदेशका अन्य स्थानमा उत्पादनमूलक उद्योग स्थापना गर्नका लागि जग्गा खरिद गर्दा प्रचलित घरजग्गा रजिष्ट्रेशन शुल्कमा ५० प्रतिशत छुट दिएको छ। बागमती प्रदेशलाई लगानीमैत्री प्रदेशका रुपमा स्थापना गर्न यस्तो छुट दिइएको प्रदेश बजेटमा उल्लेख छ। यस्तो छुट काठमाडौँ उपत्यकाभित्र सञ्चालित उत्पादनमूलक उद्योगले आफ्नो कारखाना उपत्यका बाहिर गाउँपालिका र नगरपालिका क्षेत्रमा स्थानान्तरण गरेमासमेत पाउनेछन्।

बागमती प्रदेशले घरजग्गा रजिष्ट्रेसन शुल्कमा संशोधन गरेको छ। घरजग्गा कारोबारमा लाग्दै आएको बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क र नारायणी तथा राप्ती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क आगामी आर्थिक वर्षदेखि नलाग्ने व्यवस्था गरिएको छ।

बागमती प्रदेशभित्रका सामुदायिक वनबाट उत्पादन भई बाहिर बिक्रीवितरण गरिएका वन पैदावारबाट सङ्कलित रकमको २० प्रतिशत रकम सेवा शुल्कबापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था लागू गरिएको छ।

बागमती प्रदेशभित्र सञ्चालनमा रहेका सीमाको आकाशे पुल (स्काइ टावर) भ्यूटावर, स्वीङ र केबलकारमा पाँच प्रतिशत मनोरञ्जन कर थपिएको छ। यो प्रदेशमा उद्योग व्यवसायमा लाग्ने करका दरमा परिवर्तन गरिएको छैन भने फर्मको नवीकरण गर्ने म्याद समाप्त भएपछि नवीकरण गर्दा लाग्ने जरिवाना रकम घटाइएको छ। महिला, दलित समुदाय, अपाङ्गता भएको व्यक्ति, अल्पसङ्ख्यक र लोपोन्मुख समुदायका व्यक्तिले प्राइभेट फर्म रजिस्ट्रेसन गर्न चाहेमा दर्ता शुल्कमा ५० प्रतिशत छुट लाग्ने व्यवस्था बागमती प्रदेशले गरेको छ।

कम्पनी वा व्यक्तिको स्वामित्वमा रहेको जग्गा आवासीय प्रयोजनका लागि प्लटिङ सञ्चालन गर्नका लागि खण्डीकरण गर्दा त्यस्तो जग्गाको क्षेत्रफलका आधारमा प्लटिङ शुल्क लाग्ने प्रदेशको बजेट वक्तव्यमा जनाइएको छ।

बागमती प्रदेशका यातायात व्यवस्था कार्यालयमा दर्ता भई २० वर्ष पूरा भएका कारण सञ्चालनमा आउन नसक्ने सार्वजनिक सवारी साधनको २० वर्षको सवारी कर बुझाउँदा बाँकी रहेको कर र नवीकरण दस्तुर २०८० फागुन मसान्तसम्म बुझाएमा त्यसमा थप जरिवाना लाग्ने छैन।

विज्ञापन करका लागि कानुनको मस्यौदा तयार पार्ने र प्रत्येक स्थानीय तहले माटो, ढुङ्गा, गिट्टी, बालुवालगायतका प्राकृतिक स्रोतका लाग खोलेको ठेक्काको जानकारी प्रदेशलाई पनि दिनुपर्नेछ। बागमती प्रदेशको राजस्व स्रोत परिचालन सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने जनाइएको छ।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेश सरकारले पर्यटन शुल्कको दायरा बिस्तार गरेको छ। प्रदेशभित्र बैंक तथा वित्तीय संस्था र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु एक आपसमा गाभिन चाहेमा त्यस्ता संस्थाले घरजग्गाको एकीकृत कारोबार गर्दा संशोधन शुल्कबाहेक अन्य शुल्क छुट पाउनेछन्।

घरजग्गाको रजिष्ट्रेसन लिखत पास गर्नका लागि कैदीबन्दीले डोरमार्फत् लिखत पास गर्न माग गरेमा यसमा लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

आर्थिक वर्ष २०७५/७६ भन्दा अगाडिदेखि हालसम्म सवारीसाधन कर नबुझाएका सवारी धनी २०८० फागुन मसान्तसम्म सवारी कर बुझाउन आएमा आर्थिक वर्ष २०७५/७६ भन्दा अगाडिको सवारीसाधन करमा लाग्ने जरिवाना छुट पाउनेछन्।

गण्डकी प्रदेशका नागरिकले अन्य प्रदेशमा दर्ता गरेका सवारीसाधन २०८१ असार मसान्तसम्ममा गण्डकी प्रदेशमा सरुवा दर्ता गर्न चाहेमा एक पटकका लागि ती सवारी साधनको दर्ता, नवीकरण, र सवारीसाधन करमा पूर्ण छुट पाउनेछन्।

सवारी साधनको आयु २० वर्ष कटी लगत कट्टा नभएका सार्वजनीक सवारीसाधनका धनीले लगत कट्टा गर्न निवेदन दिएमा ती सवारी साधनको २० वर्षपछिको करमा ७५ प्रतिशत छुट दिइएको छ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेश सरकारले

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# हिन्दी फिल्म प्रदर्शन रोकिने

काठमाडौं, ३ असार (रासस)।

काठमाडौँ महानगरपालिकाले सोमबारदेखि महानगरभित्रका हलमा हिन्दी फिल्मको प्रदर्शन रोक्ने भएको छ। महानगरका प्रमुख बालेन्द्र साहले नगर प्रहरीलाई खटाएर हिन्दी फिल्मको प्रदर्शन रोक्न निर्देशन दिनुभएको हो।

मेयर साहले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "भारतीय चलचित्र आदिपुरुषमा समावेश भएको जानकी भारतीय छोरी हुन् भन्ने आपत्तिजनक सन्देश उक्त चलचित्रको मूल भागबाट हटाउन हामीले तीन दिनपहिले हटाउन आह्वान गरेका थियौं। नेपालको स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी राष्ट्रहितको रक्षा गर्नु प्रत्येक सरकार, सरकारी निकाय, गैरसरकारी क्षेत्र र नेपाली नागरिकको पहिलो कर्तव्य हुने कुरामा कुनै सन्देह छैन।"

नेपालको संविधानको धारा ५ र ५६ को उपधारा (६) ले सङ्घ, प्रदेश र स्थानीय सरकारलाई राष्ट्रिय हितको संरक्षण गर्ने जिम्मेवारी तोकेको छ। उक्त चलचित्र यथावत् प्रदर्शन भएमा नेपालको राष्ट्रियता, सांस्कृतिक एकता र राष्ट्रिय विभूतिमाथि प्रहार भई अपूरणीय क्षति हुने देखिएको तथा उक्त चलचित्रबाट नेपालमाथि सांस्कृतिक अतिक्रमण भएको हुँदा यसप्रति महानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

काठमाडौँ महानगरपालिका क्षेत्रभित्र उक्त राष्ट्रहित विपरीतको चलचित्रको प्रदर्शनलाई निषेध गरेरमात्र देशभित्रका अन्य क्षेत्र र विदेशमा सो चलचित्र प्रदर्शन हुन दिने हो भने त्यसले भ्रामक तथ्य स्थापित गर्ने भएकाले उक्त चलचित्रबाट आपत्तिजनक अंश नहटाएसम्म काठमाडौँ महानगरमा कुनै पनि भारतीय चलचित्र प्रदर्शन गर्न भोलिदेखि निषेध गरिएको प्रमुख साहले बताउनुभएको छ।

महानगरपालिकाका प्रमुख साहको निर्देशनपछि नगर प्रहरीले आइतबार बेलुकासम्म सबै हलमा पुगेर भारतीय फिल्म प्रदर्शन नगर्न निर्देशन दिने र यसका लागि नगर प्रहरी आइतबारैदेखि खट्ने भएको महानगरपालिकाले जनाएको छ। काठमाडौं महानगरका ३२ वडाभित्र १७ फिल्म हल छन्। दक्षिण भारतीय फिल्म 'आदिपुरुष'मा समावेश 'जानकी भारतकी छोरी हुन्' भन्ने वाक्यलाई भारतमा सच्याउन मेयर साहले फेसबुक स्टाटसमार्फत तीन दिनको समय दिनुभएको थियो। आइतबार बेलुकासम्म फिल्म निर्माताले भारतमा उक्त संवादलाई सच्याएका छैनन्।

# 'वान एक्स बेट'को प्रचार गरेर कलाकारले पाँचदेखि ४० लाखसम्म लिए

काठमाडौँ, ३ असार (रासस)।

अनलाइन बेटिङमार्फत सट्टेबाजीसम्बन्धी प्रचार गर्दा केही कलाकारहरुले ४० लाखसम्म लिएको पाइएको छ। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले उनीहरुमाथि गरेको प्रारम्भिक अनुसन्धानका क्रममा ४० लाखसम्म लिएको स्वीकार गरेका छन्।

पक्राउ परेका आठजना कलाकार तथा युट्युबरमध्ये कतिले पाँच लाख कमाएको र कतिले ४० लाखसम्म कमाई गरेको बताएका कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक डा मनोज केसीले बताउनुभयो।

गत बिहीबार अनलाइन बेटिङ प्लेटफर्ममार्फत सट्टेबाजीसम्बन्धी प्रचार गरेको आरोपमा प्रहरीले बल्छी धुवे भनिने कलाकार मरिचमान श्रेष्ठ र टेलिसिरियल खेलिरहेका राजु मास्टर भनिने राजु पौडेलसहित म्याकुरी भन्ने पवन खतिवडा, एलिश राई, ज्वलन घर्तिमगर, गणेश देवकोटा, सरोज घिमिरे र भटभटे माइला भन्ने वेगम नेपालीलाई पक्राउ गरेको थियो। उनीहरुले पैसा लिएको स्वीकार गरेको केसीले बताउनुभयो।

उनीहरुले कमिसनबापतको पैसा वान-एक्स बेटमार्फत सिधै दिने गरेको पनि पाइएको छ। केही कलाकारहरुलाई निगरानी गरिरहेको र सिजी वेटका विषयमा समेत अनुसन्धान भइरहेको डा केसीले बताउनुभयो।

कलाकार एवं युट्युबरले विज्ञापन गरी सट्टेबाजीमा युवापुस्तालाई आकर्षण गर्ने गरेको भन्दै प्रहरीले अप्रेसन चलाएको थियो। त्यसको अघिल्लो दिन अनलाइन बेटिङमार्फत सट्टेबाजीको कारोबार गरेको आरोपमा बुधबार मात्रै उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पाँचजना एजेन्टलाई पक्राउ गरेको थियो। उनीहरुले ७४ करोड कारोबार गरेको फेला परेको थियो। एकजना दिनेश खड्का भन्नेले मात्रै ६४ करोड कारोबार गरेको फेला परेको थियो। उनीहरुको मुद्दामा अहिले प्रहरी परिसरले अनुसन्धान गरिरहेको छ।

*प्रदेशका राजस्व ...*

विज्ञापन कर, मनोरञ्जन कर र प्राकृतिक स्रोतको शुल्कको दायरा विस्तार गरेको बजेट प्रदेशको आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख छ। नयाँ व्यवस्थाअनुसार लुम्बिनी प्रदेशभित्रका यातायात व्यवस्था कार्यालयबाट सङ्कलन हुँदै आएको टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा लाग्ने सवारीसाधन कर आगामी आर्थिक वर्षदेखि स्थानीय तहले आफैँ उठाउन सक्नेछन्।

इजाजत नलिएका वा नवीकरण नगरी सञ्चालनमा रहेका पर्यटन व्यवसायलाई एकपटकका लागि न्यून शुल्कमा इजाजत प्राप्त गर्न वा नवीकरण गर्नसक्ने व्यवस्था बजेटमा राखिएको छ। प्राइभेट तथा साझेदारी फर्मलाई विवरण बुझाउँदा लाग्ने जरिवाना तथा शुल्कमा छुट दिइएको छ।

बीस वर्षभन्दा बढी अवधि पूरा भएका तर लगत कट्टा नभएका भाडाका सवारीसाधनको हकमा लगत कट्टा गरी कवाडी वा अन्य वस्तुका रुपमा विस्थापन गर्न त्यस्ता सवारी साधनमा आंशिकरुपमा मात्र सवारी कर लिइ लगत कट्टा गर्नसक्ने व्यवस्था राखिएको छ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशभित्र दुई वा दुईभन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनका लाग जग्गाको चाक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा ५० प्रतिशत छुट दिइएको छ। सुर्ती र मदिराबाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क शतप्रतिशत छुट दिने व्यवस्था बजेटमा राखिएको छ। अन्य प्रदेशबाट सरुवा दर्ता सहमति लिई कर्णाली प्रदेशमा दर्ता हुन आएमा व्यक्तिगत सवारीको हकमा दर्ता शूल्कमा शतप्रतिशत छुट दिइएको छ।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम प्रदेश सरकारले घरजग्गा रजिष्ट्रेसन शुल्क तथा दस्तुरमा संशोधन गरेको बजेट वक्तव्यमा उल्लेख गरेको छ। प्रदेशभित्र स्थायी ठेगाना भएका नागरिकको स्थामित्वमा रहेको अन्य प्रदेशमा दर्ता भएका सवारी साधन प्रदेशभित्र सरुवा गर्दा त्यस्तो सरुवा शुल्मा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

सुदूरपश्चिम प्रदेश सरकारले निजी तथा सार्वजनिक विद्युतीय सवारी साधनमा कर लिने र पेट्रोलियमबाहेक अन्य इन्धनबाट चल्ने सवारी साधनको सवारी करमा २० प्रतिशत कर छुट दिने उल्लेख गरेको छ। त्यस्तै, १० वर्षभन्दा बढी पुराना सवारी साधन अन्यत्र प्रदेशबाट सुदूरपश्चिम प्रदेशमा सरुवा भई आउँदा त्यस्ता सवारीको दर्ता दस्तुरमा २५ प्रतिशत र १५ वर्षभन्दा बढी पुराना सवारी साधनमा ५० प्रतिशत थप रकम असुल गरिने उल्लेख छ।

वन पैदावार बिक्री शुल्क, कृषि सेवा शुल्क तथा दस्तुर र निजी तथा साझेदारी व्यवसाय दर्ता नवीकरण दस्तुरसम्बन्धी व्यवस्था सुदूरपश्चिम प्रदेशको आर्थिक विधेयकमा पहिलो पटक समावेश गरिएको छ। त्यस्तै, मनोरञ्जन कर, पर्यटन शुल्क, प्राकृतिक स्रोत सङ्कलन तथा बिक्रीमा लाग्ने करको दायरा बढाइएको छ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**


## विश्व समाचार

### तस्करीविरुद्धको कारबाहीमा टर्कीएमा दुई हजार वर्ष पुरानो मूर्ति बरामद

इस्तानबुल, ३ असार (रासस/सिन्ह्वा)।

टर्कीको प्रहरीले पश्चिमी शहर इज्मिरमा ऐतिहासिक कलाकृति तस्कर विरुद्ध कारबाही गर्ने क्रममा २,००० वर्ष पुरानो मूर्ति कब्जा गरेको छ।

अनादोलु एजेन्सीले शनिबार जनाएअनुसार प्रहरीले इज्मिरको काराबाग्लर जिल्लामा पुरानो खजानाको तस्करीमा संलग्न रहेको विश्वास गरिएका एक जना संदिग्धको घरमा छापा मार्दा सो पुरातात्विक वस्तु फेला पारेको थियो।

उक्त मूर्तिको टाउको देवी वा हेलेनिस्टिक कालदेखिको कुलीन चित्रण गर्ने संगमरमरको मूर्तिको अंश मानिएको छ।

उक्त कलाकृति विदेश तस्करी गर्ने प्रयास गर्ने अभियुक्त विरुद्ध कानुनी प्रक्रिया अघि बढाइएको छ।

### पाकिस्तानको पञ्जाबमा यात्रुवाहक बस दुर्घटना हुँदा १४ जनाको मृत्यु, २० जना घाइते

इस्लामावाद, ३ असार (रासस/सिन्ह्वा)।

पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको चकवाल जिल्लामा शनिबार यात्रु बस दुर्घटना हुँदा कम्तीमा १४ जनाको मृत्यु भएको छ भने २० जनाभन्दा बढी घाइते भएका छन्।

राजमार्गमा जिल्लाको कल्लर कहार नजिकै बसको ब्रेक फेल भएर चालकले गाडीको नियन्त्रण गुमाउँदा उक्त दुर्घटना भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा ज्यान गुमाएका मध्ये कम्तीमा पाँच महिला र तीन बालबालिका रहेका छन्। सो बस सङ्घीय राजधानी इस्लामावादबाट पञ्जाबको प्रान्तीय राजधानी लाहोरका लागि जाँदै गरेको बेलामा दुर्घटना भएको हो।

सूचना पाएपछि प्रहरी र उद्धारकर्मी घटनास्थलमा पुगेर घाइतेलाई नजिकैको अस्पतालमा पुऱ्याएका थिए।

दुर्घटनाको सूचना गर्दै प्रधानमन्त्री शाहबाज सरिफले क्षतिप्रति गहिरो शोक र दुःख व्यक्त गर्नुभएको छ।

उहाँले दुर्घटनाको नबिन गर्न निर्देशन दिँदै घाइतेलाई आवश्यक स्वास्थ्य सुविधा उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ।

### अफगानिस्तानमा सुरुङ विस्फोट हुँदा एक जनाको मृत्यु

मैदान शार, ३ असार (रासस/सिन्ह्वा)।

अफगानिस्तानको पूर्वी वर्दक प्रान्तमा शनिबार विगतका युद्धबाट बाँकी रहेको खानी विस्फोट हुँदा एक जनाको मृत्यु भएको छ।

शनिबार दिउँसो एकजना व्यक्ति वर्दक प्रान्तको राजधानी मैदान शार शहरको सडकमा फोहोर जम्मा गर्ने क्रममा फोहोरको बीचमा लुकाइएको विस्फोटक पदार्थ विस्फोट हुँदा सो व्यक्तिको घटनास्थलमै मृत्यु भएको हो।

अफगानिस्तानको पश्चिमी घोर प्रान्तमा सोमबार यस्तै दुर्घटनामा एक बालकको ज्यान गएको छ भने दुई जना घाइते भएका छन्।

### नोभा काखोभका बाँध भत्किँदा १६ जनाको मृत्यु, ३१ बेपत्ता

नोभा काखोभका, ३ असार (रासस/एएनआई)।

नोभा काखोभका बाँध भत्किँदा बाढीमा परी कम्तीमा १६ जनाको मृत्यु भएको छ भने ३१ जना बेपत्ता भएका छन्।

युक्रेनको आन्तरिक मामिला मन्त्रालयले शनिबार जनाएअनुसार दक्षिणी युक्रेनको बाँध जुन ६ गते भत्किएको र गाउँहरू ध्वस्त भएका थिए। बाँध भत्किएर खेतबारीमा बाढी आउँदा हजारौं मानिसलाई बिजुली र खाने पानीको आपूर्तिमा समस्या भएको थियो।

कीभका अनुसार रुसले योजनाबद्धरुपले बाँधमा आक्रमण गरेको थियो। रुसले क्रिमियालाई पानीबाट वञ्चित गर्न र युद्धको मैदानबाट विचलित गराउन भौतिक संरचनामा आक्रमण गरेको दावी गरेको छ।

युक्रेनको आन्तरिक मन्त्रालयले दिएको जानकारीअनुसार बाढी प्रभावित क्षेत्रबाट ३,६१४ जना मानिसलाई सुरक्षित स्थानमा सारिएको छ।

यसैगरी खेरसन र माइकोलाइभ क्षेत्रका एक हजार तीन सय घर बाढीले डुबानमा परेका छन्। रुसले सन् २०२२ को फेब्रुअरीमा युक्रेनमा आक्रमण गरेदेखि बाँध वरपरको क्षेत्र सबैभन्दा ठूलो विवादित क्षेत्रमध्ये एक बनेको छ।

# सप्तरी प्रिमियर लिगको पाँचौ संस्करण सुरु, उद्घाटन खेलमा रुपनी बिजयी



**दैनिक समाचारदाता राजविराज, ३ असार ।**
आइतबारदेखी राजविराजमा सप्तरी प्रिमियर लिगको पाँचौ संस्करण सुरु भएको छ ।

सप्तरी क्रिकेट संघको आयोजनामा स्थानिय पबिमाविको खेल मैदानमा सुरु भएको उक्त प्रतियोगिताको राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परविनले ब्याटिङ गरि उद्घाटन गरिन ।

उद्घाटन खेलमा रुपनी राइडर्सले राजविराज द किंग्सलाई १५ रनले पराजित गरेको छ । उक्त खेलमा रुपनी राइडर्सले निर्धारित २० ओभरमा १ सय ५० रन बनायो । उक्त लक्ष्य पछ्याउने क्रममा राजविराज द किंग्सले निर्धारित २० ओभरमा ८ विकेटको क्षतीमा १ सय ३५ रन मात्र बनाउन सफल भयो । राजविराज द किंग्सका लागि बिक्रम सोबले सर्वाधिक ३४ रन बनाए भने तृत राजदासले ३३ तथा अविशेख कार्कीले २९ रन बनाएका थिए ।

रुपनीका लागि फिर्दोश अन्सारीले सर्वाधिक ३, धिरज मण्डलले २ तथा जितेन्द्र मुखिया, अशोक मेहता र दिपेश कंडेलले १/१ विकेट लिए ।

यसअघि टस हारेर ब्याटिंग गरेको रुपनीले २० ओभरमा ६ विकेट क्षतीमा १ सय ५० रन बनाएको थियो । जसमा फिर्दोश अन्सारीले सर्वाधिक ६१, रोहन बिकले ३३ तथा विकास दासले २० रनको योगदान दिए । बलिङतर्फ राजविराजका बिक्रम सोबले २ तथा दिपेश सरदार, तृत राजदास र सोहेल खानले १/१ विकेट लिए । खेलको प्लेयर अफ द म्याच रुपनी राइडर्सका फिर्दोश अन्सारी घोषित भए ।

प्रतियोगिताको उद्घाटन समारोहमा राजविराज नगरपालिकाका कार्यवाहक मेयर इशरत परविन, नेपाल क्रिकेट संघका कोषाध्यक्ष रोशनकुमार सिंह, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, नेपाल क्रिकेट संघका पूर्व कोषाध्यक्ष शैलेश कुमार चौधरी, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, राजविराज नगरपालिका वडा नं ८ का अध्यक्ष जयनारायण मण्डल तथा वडा नं. ५ का अध्यक्ष बन्दुलाल दासको उपस्थिति रहेको थियो ।

प्रतियोगिता अन्तर्गत सोमबार पहिलो खेल विहान ९ बजेदेखी रुपनी राइडर्स र बलानबिहुल सुपर किंग्स तथा दिउँसो १ बजे छिन्नमस्ता लायन्स र बजाज खडक वारियर्स बीच हुने आयोजक समितिले जनाएको छ ।

# विपत्जन्य घटना : पूर्वी नेपालमा वितण्डा, तिनको मृत्यु २९ बेपत्ता

काठमाडौं, ३ असार (रासस) ।
लगातारको वर्षापछि आएको बाढी, पहिरोलगायत विपद्जन्य घटनाले पूर्वी नेपालका विभिन्न जिल्ला प्रभावित भएको छ । त्यस क्षेत्रमा ठूलो मानवीय क्षति हुने गरी विपद्जन्य घटना भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले आइतबार साँझ दिनुभएको जानकारीअनुसार अहिलेसम्म पाँचथर, सङ्खुवासभा, ताप्लेजुङलगायत जिल्लामा मात्रै विपद्जन्य घटनामा परेर तीन जनाको मृत्यु भएको छ । ती घटनामा अन्य २९ जना बेपत्ता रहेका छन् । बेपत्ताहरुको खोजी जारी रहेको उहाँले बताउनुभयो । अन्य तीन जनाको भने उद्धार गरिएको छ ।

उहाँका अनुसार पाँचथरमा मात्रै एक जनाको मृत्यु र पाँच बेपत्ता छन् । जिल्लामा १२ वटा पुलमध्ये केही बगाएको र केहीमा ठूलो क्षति पुऱ्याएको छ । यस्तै, छवटा घर बगाएको र दुई जलविद्युत् आयोजनामा क्षति पुगेको छ । यस्तै, सङ्खुवासभामा भने एक जनाको मृत्यु भएको र अन्य २१ जना सम्पर्कविहीन रहेका छन् । त्यहाँबाट तीन जनाको उद्धार गरिएको पनि कडायतले बताउनुभयो ।

सङ्खुवासभामा प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले राससलाई दिनुभएको जानकारीअनुसार बेपत्ता भएकामध्ये १७ जना त्यहाँको सुपर हेवाखोला जलविद्युत् आयोजनाका कर्मचारी छन् । अन्य चारजना भने सर्वसाधारण हराइरहेका हुन् । यस्तै, ताप्लेजुङमा एकको मृत्यु र तीनजना बेपत्ता रहेका छन् । त्यहाँ नौवटा पशु चौपाय मरेको छ । इलामलगायत जिल्लाहरुमा पनि पहिरो गएको र जनजीवन प्रभावित भएको प्रहरी नायब महानिरीक्षक कडायतले बताउनुभयो ।

## मधेस प्रदेशसभाका ...

मण्डलले आइतबार पद तथा गोपनियताको शपथ गराए लगत्तै उनीहरुले आइतबारै पदभार पनि ग्रहण गरे ।

कृषि तथा भूमि व्यवस्थापन र प्रदेश मामिला समितिको सभापति चयन हुन बाँकी छ । मधेस प्रदेशमा अर्थ तथा योजना समितिमा सभापतिसहित ११, कृषि तथा भूमि व्यवस्थापन समितिमा १२, प्रदेश मामिला समितिमा नौ, प्राकृतिक स्रोत तथा वातावरण समितिमा १२, महिला बालबालिका तथा सामाजिक न्याय समितिमा १३, विकास समितिमा १२ र सार्वजनिक लेखा समितिमा १५ सदस्य रहन्छन् ।


सुचना सुचना सुचना

वनमा जथाभावी वा जानी जानी आगो लगाउने वा आगजानी हुने कुनै कार्य नगरौं यो जघन्य अपराध हो । वन क्षेत्रमा आगो लागेको देखेमा तुरुन्तै नजिकको वन कार्यालय वा प्रहरी लाइ जानकारी गराइ आगोलाइ नियन्त्रणमा लिने उपायको अवलम्वन गरौं । र यस वाट हुन सक्ने ठूलो क्षती वाट वचौं ।

वनमा आगो लगाउने वा आगजानी हुन जाने कुनै कार्य गर्नेलाइ वन ऐन २०७६ को दफा ४९ (घ) अन्तर्गतको कसुर अपराधमा सोही ऐनको दफा ५० को (४) वमोजिम क्षती भएको विगो असुल गरी ३ वर्ष सम्म कैद वा ६०००० रुपैया सम्मा जरीवाना वा दुवै सजाय हुने व्यहोरा जानकारीको लागी अनुरोध छ ।

सम्पर्क नं.
९८५२८२३०८२
डिभिजन वन कार्यालय, सप्तरी

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान
सब बेटी शिक्षित हेतै, धर्ती हेतै स्वर्ग सन
सङ्कल्प करी मिलिक करब बेटीके संरक्षण
प्रदेशक शिक्षाक स्तर कमजोर रहल यथार्थके आत्मसात् करैत मधेश प्रदेश सरकार मुख्यमन्त्री **बेटी पढाउ, बेटी बचाउ** अभियान सञ्चालन करैत आबि रहल अछि । बेटी सबके ईस्कूल पठाक सशक्तिकरणक माध्यमसँ लोककल्याणकारी राज्यक अवधारणा अनुरुप विभेदमुक्त सामाजिक न्याय स्थापना करए, बेटा आ बेटी बीच सामाजिक विभेद अन्त्य करवाक उद्देश्यसँ अभियान अन्तर्गत विभिन्न गतिविधि सब सञ्चालन भऽ रहल अछि ।
**एहि अभियानमे सब कोइ** अपन अपन ठामसँ सक्रिय भूमिका निर्वाह करु ।
मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*